# आय विवरणको अनुसूची ५ तथा अनुसूची १३ मा गरिएको सामान्य सुधार सम्बन्धी जरुरी सूचना

आन्तरिक राजस्व विभागले सेवा प्रवाहमा करदातामैत्री हुने गरी सूचना प्रविधि प्रणालीको उपयोगमा क्रमिक सुधार गर्दै आएको छ। करदाताहरुबाट पेश हुने आय विवरण तथा सोसँग सम्बन्धित फारामहरुमा सामयिक परिमार्जन गरिएको छ। आय वर्ष २०७८/७९ देखि आयकर ऐन, २०५८ को दफा ७७ बमोजिम पेश हुने डे-०३ आय विवरणसँग सम्बन्धित केही अनुसूची फाराममा सामान्य सुधार गरिएको छ। यसबाट प्राप्त हुने बर्गीकृत सूचनाले तथ्याङ्क विश्लेषणमा सहयोग हुने, कारोबारको पारदर्शिता बढ्ने एवं सुशासनमा योगदान हुने विश्वास लिएका छौं। डे-०३ आय विवरणसँग सम्बन्धित अनुसूची ५ र अनुसूची १३ मा देहाय बमोजिम सामान्य सुधार गरिएकोले सम्बन्धित करदाता, लेखापरीक्षक लगायत सरोकारवाला सवैलाई जानकारीको लागि अनुरोध छ।

(क) आय विवरण पेश गर्दा सो आय वर्षको कारोबारको सम्बन्धमा कारोबारको नियमित विषयसँगै थप केहि कार्यहरु भए/नभएको सम्बन्धमा छ वा छैन भनी छनौट गरी सोको जानकारी दिनुपर्ने व्यवस्था गरिएको छ।

(ख) आय वर्ष २०७८/७९ देखि डे०३ आय विवरणसँग सम्बन्धित अनुसूची ५ को हालको फाराममा उल्लिखित विवरणहरु यथावत राखी सो अन्तर्गतका केहि खर्चहरुलाई Add detail को Inner Column मा राख्ने व्यवस्था गरिएको छः-

- सि.नं. १८ मा आयकर ऐन, २०५८ को दफा १४ बमोजिमको ब्याज कट्टी अन्तर्गत Add detail को Inner Column मा क्रमशः ऋणको ब्याज खर्च, सम्पत्ति खरिदको ब्याज खर्च र अन्य ऋणको ब्याज खर्च प्रविष्टि गर्ने,
- सि.नं. १९ मा ऐनको दफा १५ बमोजिमको व्यापार मौज्दातको लागत खर्च कट्टी अन्तर्गत Add detail को Inner Column मा क्रमशः शुरु मौज्दात, प्रत्यक्ष सामाग्री लागत खर्च, प्रत्यक्ष श्रम लागत खर्च, प्रत्यक्ष शिरोभार लागत खर्च, अन्य प्रत्यक्ष लागत खर्च र अन्तिम मौज्दातको रकम प्रविष्टि गर्ने,
- सि.नं. २० मा ऐनको दफा १६ बमोजिमको मर्मत तथा सुधार खर्च अन्तर्गत Add detail को Inner Column मा सम्पत्तिको प्रत्येक समूहको ह्रास आधार रकमको बेग्ला बेग्लै मर्मत तथा सुधार खर्च रकम प्रविष्टि हुने,
- सि.नं. २३ मा ऐनको दफा १९ बमोजिमको ह्रास कट्टी खर्च अन्तर्गत Add detail को Inner Column मा उल्लेखित तालिकामा ह्रासयोग्य सम्पत्ति सम्बन्धी विवरण प्रविष्टि गर्ने। सो प्रविष्टिको आधारमा आयकर ऐन बमोजिम सो वर्षको लागि खर्च कट्टी गर्न पाउने ह्रास कट्टी र मर्मत तथा सुधार खर्च रकम स्वचालित रुपमा गणना भई आउने,
- सि.नं. २५ को अन्य खर्चमा आयकर ऐन बमोजिम कट्टी हुने रकमहरुलाई Add detail को Inner Column मा कर्मचारी खर्च, कार्यालय संचालन खर्च, व्यवसाय प्रर्वद्धन खर्च, विक्री वितरण खर्च र अन्य खर्च उल्लेख गर्ने,
- सि.नं. २८ मा ऐनको दफा २०(१) अन्तर्गत दावी गरेको नोक्सानीलाई Add detail को Inner Column मा प्रत्येक आय वर्षको नोक्सानी क्रमशः उल्लेख गर्ने।

(ग) वार्षिक रु.१ करोडभन्दा बढी रकम कर्मचारी खर्च (तलब/ज्याला लगायतमा) शीर्षकमा खर्च गर्ने करदाताले मासिक खर्च तथा अग्रिम करकट्टी दाखिलाको विवरण र सबै प्रकारको भुक्तानीमा अग्रिम कर कट्टी गरी दाखिला गरिएको विवरण आय विवरणसाथ अनुसूची १३ मा प्रविष्टी गर्नु पर्ने ब्यवस्था गरिएको छ।

**आन्तरिक राजस्व विभाग**